



# CIM

## Facts Newsletter

Issue 25, Poush 2080



021-515712 Sahid Marg, Biratnagar-02
cim.biratnagar@gmail.com

## १.उद्योग संगठन मोरङमा स्थापना भएको सीप विकास इकाई के हो ७ तिस

उद्योग संगठन मोरङले उद्योग व्यवसायहरुलाई आवश्यक दक्ष औद्योगिक प्राविधिक जनशक्ति उपलब्ध गराउने उद्देश्यले प्राविधिक तथा व्यवसायीक शिक्षा तालिम (Technical & Vocational and Education &Training, TVET) अवधारणालाई व्यवहारिक रुपमा परिणामम ७३ घढसखी बनाउदै लाग ७३ घढस गर्न ७३ घढस, रोजगारीको खोजीमा रहेका जनशक्ति, तालिम प्रदायक संस्था र रोजगारदाता बीच समन्वय गर्न CTEVT अन्तर्गत हेल्भेटासको प्राविधिक सहयोगमा सञ्चालित ईन्स्योर परियोजना (ENSSURE Project) संगको सहकार्यमा स्थापना गरिएको इकाई हो ।

## २.सीप विकास इकाईले कस्तो भ ७ त्रगयतसमिका निर्वाह गर्दछ ७ तिस

औद्योगिक क्षेत्रलाई आवश्यक मानव संशाधन र उपलब्ध जनशक्ति बीच एकआपसमा सामन्जस्यताको अभाव, विषयगत तालिमको प्राथमिकिकरण, तालिम प्रदायक संस्थाहरु र रोजगार प्रदायकहरु बीच संवादको अभाव, उपलब्ध जनशक्तिको तथ्यांक नह ७३ घढसन ७३ घढस, प्रशिक्षार्थी तथा रोजगारदाता बीचको समन्वयीकरण नभईरहेको क ७३ घढसरालाई दृष्टिगत गरी तालिम प्रदायक, उद्योग प्रतिष्ठानहरु, प्रशिक्षार्थीहरु बीथ समन्वय गरी आवश्यकता अन ७३ घढसरुपको दक्ष जनशक्ति उत्पादन, उत्पादित जनशक्तिलाई रोजगारको स ७३ घढसनिश्चितता, प्राविधिक शिक्षालयहरुको पाठ्यक्रम विकासमा पहल एवं यस क्षेत्रको विकासका लागि शोध र अन ७३ घढससन्धानको अवधारणाको कार्यान्वयनमा प्रभावकारी र परिणामम ७३ घढसखी भ ७ त्रगयतसमिका निर्वाह गर्दै यस इकाईले आवश्यक समन्वय सहजीकरणका साथ कार्यक्रम कार्यान्वयन गर्दछ ।

## ३. यस इकाईले संचालन गरेको कार्यक्रम कस्तो कार्यक्रम हो ७ तिस

यस इकाईले Dual VET kålt अन्तर्गतको औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship), OJT / Skill Upgrading Training जस्ता कार्यक्रमहरुलाई समर्थन गर्दछ

## ४. औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) भनेको के हो ७ तिस

औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) भनेको औद्योगिक प्रतिष्ठान⁄रोजगारदाता संघ र तालिम प्रदायक संस्था⁄प्राविधिक शिक्षालयद्वारा स्वीकृत पाठ्यक्रम अन ७३ घढससार सञ्चालन गरिने तालिम प्रक्रिया हो । यस तालिम प्रक्रियामा औद्योगिक प्रशिक्षार्थीहरुले प्रारम्भिक चरणमा तालिम प्रदायक संस्था⁄प्राविधिक शिक्षालयहरुमा प्रशिक्षण लिन्छन् भने दास्रो चरणमा औद्योगिक प्रतिष्ठान वा रोजगारदाता संघ, तालिम प्रदायक संस्था⁄प्राविधिक शिक्षालयहरु र प्रशिक्षार्थीहरु बीच त्रिपक्षिय सम्झौता गरी सोहि अन ७३ घढसरुप प्रतिबद्ध भई तालिम सञ्चालन गरिन्छ ।

## ५. यो कार्यक्रम क ७३ घढसन तहको कार्यक्रम हो ७ तिस

यो TSLC अथवा प्रि-डिप्लोमा, तह- २ को हो ।

## ६. औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) के आधारमा Internship / OJT भन्दा भिन्न छ ७ तिस

कहिलेकाही औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship), Internship / OJT एकै रुपमा ब ७३ घढसभ्फिन्छन तर यी बीचमा केहि भिन्नता छ । औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) लामो अवधिको (४ वा ५ वर्ष) सम्मको पनि ह ७३ घढसन्छ । यसमा सामान्यतः उद्योगले केहि पारि ७ नतसमिकको व्यवस्था पनि गरिएको ह ७३ घढसन्छ भने यहा"को सिकाई औपचारिक ह ७३ घढसन्छ । OJT भन्नाले तालिम प्रदायक संस्थामा कृत्रिम वातावरणमा सिकिसकेका सैद्धान्तिक र व्यवहारिक सीपहरु वास्तविक कार्यस्थलमा अन ७३ घढसभव प्राप्तिका लागि सिक्ने कार्य हो । यसै गरी Internship भन्नाले विद्यार्थीहरुलाई निश्चित अवधिको लागि उनीहरुको पढाई क्षेत्रस"ग सम्बन्धित कार्यस्थलको व्यवहारिक अन ७३ घढसभव प्राप्तिको अवसर प्रदान गर्न ७३ घढस हो । Internship हरु प्राय कलेज या विश्वविद्यालयका विद्यार्थीहरु नै ह ७३ घढसन्छन भने यो एक वर्ष भन्दा बढी ह ७३ घढसदैन ।

## ७. अप्रेन्टिससिपको व्यवस्था कसले मिलाउ"छ ७ तिस

अप्रेन्टिससिपको व्यवस्थापनको सम्प ७ त्रगयतसर्ण जिम्मेवारी तालिम प्रदायक संस्थाको हो । सम्बन्धित संस्थाले आवश्यकता अन ७३ घढससार सम्बन्धित एसोसिएसन वा उद्योग संगठन मोरङको समन्वयमा तालिम प्रदायक संस्था, कम्पनी र प्रशिक्षार्थीको त्रिपक्षिय सम्झौता गरी औद्योगिक प्रशिक्षणको व्यवस्था मिलाउने गर्दछ ।

## ८. अप्रेन्टिससिपको समायावधिमा बिचबिचमा तालिम प्रदायक संस्थामा जान किन आवश्यक भएको हो ७ तिस

अप्रेन्टिसले कम्पनीमा बिताउने करिब २० महिनामा प्रत्येक हप्ताको एक दिन तालिम प्रदायक संस्थामा जाने व्यवस्था छ । यसरी नियमित रुपमा तालिम प्रदायक संस्थामा जान ७३ घढसको उद्धेश्य कम्पनीको तालिमको अन ७३ घढसभव आदानप्रदान गर्न ७३ घढस, कार्यस्थलस"ग सम्बन्धित केहि समस्या भए तिनको समाधानको उपाय छलफल गर्न ७३ घढस र साथै अतिरिक्त सैद्धान्तिक पक्षको अध्ययन गर्न ७३ घढस हो ।

## ९. अप्रेन्टिसको दैनिक कार्यसमय कति ह ७३ घढसन्छ ७ तिस

सामान्यतया दिनको ८ घण्टा काम गन ७३ घढर्सपर्ने भएतापनि कम्पनीले आवश्यकता परेको खण्डमा आपसी समझदारीमा केहि समय हेरफेर गर्न सक्नेछ । दैनिक कार्य समय कम्पनीको आवश्यकता अन ७३ घढससार नै ह ७३ घढसनेछ ।

## १०. औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) अन्तर्गत क ७३ घढसन क ७३ घढसन विषयमा सीप⁄तालिम प्रदान गरिन्छ ७ तिस

औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) अन्तर्गत प्रि-डिप्लोमा तहमा हाल २४ महिने Electrical Engineering, Mechanical Engineering, Information Technology, Automobile Engineering, Hotel Management, Early Childhood Development Facilitator, Civil Engineering (Building Construction) बलम त्भब Technology विषयमा सीप⁄तालिम प्रदान ह ७३ घढस"दै आइरहेको छ ।

# हाम्रो भनाइ

औद्योगिक तथा आर्थिक क्षेत्रको विकास एवम् विस्तारका लागि कानुनी राज्यको प्रत्याभूति गर्दै सामाजिक प्रतिष्ठा कायम हुने वातावरण तयार गर्नु राज्यको प्रमुख दायित्व हो। राज्यसंयन्त्रले उद्योगी-व्यवसायीमाथि गर्ने व्यवहार तथा समग्र समाजले निजी क्षेत्रलाई हेर्ने दृष्टिकोणलाई सूक्ष्म विश्लेषण गर्ने हो भने नकारात्मकता बढी पाइन्छ । यस्तै कारणले नयाँ लगानी त परको कुरा, भएका लगानीसमेत पलायन हुने अवस्थाको सिर्जना हुँदै गएको छ ।

ठूलो जोखिम मोलेर आफ्नो सम्पूर्ण जायजेथा लगानी गर्ने उद्योगी- व्यवसायीलाई सामान्य त्रुटिमा राज्यले गर्ने व्यवहारले उद्योगी- व्यवसायीलाई सामाजिक अपराधीका रूपमा चित्रण गरिन्छ। यसले गर्दा लगानीकर्ताहरूलाई समाजले हेर्ने दृष्टिकोणमा व्यापक परिवर्तन आएको छ, परिणामस्वरूप भएका लगानीकर्ताहरूको प्राथमिकता र क्षेत्र परिवर्तन हुँदै जाने चुनौती थपिएको छ ।

उद्योगी-व्यवसायीलाई राज्यले गर्ने व्यवहार र सामाजिक रूपमा हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनुपर्ने आवश्यकता छ । राज्यद्वारा निर्धारित नीतिनियम र कानुनका परिधिभित्र रही उद्योगव्यवसाय सञ्चालन गरेको निजी क्षेत्रले आर्थिक एवम् औद्योगिक विकासमा पुऱ्याउँदै आएको योगदानलाई कम आँकिनु हुँदैन ।

औद्योगिकीकरण र लगानीमैत्री वातावरणको निर्माण गर्न राज्यले निजी क्षेत्रलाई लगानीको सुरक्षा, जिउधन र सामाजिक प्रतिष्ठा प्रत्याभूत गराउनु पर्दछ । तर पछिल्लो समय नियोजित रूपमा हुन थालेको आक्रमणबाट यस क्षेत्रले असुरक्षित अनुभव गर्न थालेको छ । निजी क्षेत्रलाई राज्यशासित संयन्त्रबाट भएको व्यवहार र सामाजिक मूल्यमान्यतालाई नियाल्ने हो भने औद्योगिक लगानीको वातावरण धूमिल हुने निश्चित छ । त्यसैले निजी क्षेत्रलाई समाजिक रूपमा गरिँदै आएको चित्रण र राज्यले गर्ने व्यवहारमा परिवर्तन ल्याउनु पर्दछ ।



## देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

आर्थिक वर्ष २०८०-८१ को चार महिनाको तथ्यांङ्कमा आधारित



**३.८ प्रतिशतले**
घटेको छ, (आयात)।



**७.७ प्रतिशतले**
घटेको छ, (निर्यात)।



**५.३८ प्रतिशत**
उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ।



**रू. १४७ अर्व ११ करोड**
वचत, शोधनान्तर स्थिति ।



**रू. १२ अर्व ७५ करोड**
अमेरिकी डलर सञ्चिति, कुल विदेशी विनिमय ।



**२.७ प्रतिशत**
वढेको छ, वैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ।





**२.१ प्रतिशतले**
बढेका छ, नीजि क्षेत्रमा प्रवाहित कर्जा ।



**२६.४ प्रतिशतले**
विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा बढेको छ ।

श्रोत: नेपाल राष्ट्र बैंक

## FY 2080/81 (Mid July 2023 to Mid December 2023)





Source : Government of Nepal, Department of Customs

## Imports and Exports by Customs Offices :

Based on First Five(Shrawan-Mangsir) of FY 2080/81 (Mid July 2023 to Mid December 2023)


*(Imports Value and Exports Value are in Rs. Thousands)*




Source : Government of Nepal, Department of Customs

# Imports & Exports by Chapter :

Based on First Five(Shrawan-Mangsir) of FY 2080/81 (Mid July 2023 to Mid December 2023)





Source : Government of Nepal, Department of Customs

## Trade Balance by Partner Countries:

Based on First Five(Shrawan-Mangsir) of FY 2080/81 (Mid July 2023 to Mid December 2023)

*(figures are in Rs. Thousands)*




Source : Government of Nepal, Department of Customs

# उद्योग संगठन मोरङ

## बैकिङ कसुर तथा सजाय ऐन २०६४ लाई संशोधन गर्न बनेको विधेयकमा संगठनका सुझावहरू

| दफा | साबिक | प्रस्तावित व्यवस्था | संगठनको सुझाव |
|---|---|---|---|
| दफा ३ पछि दफा ३ क थप गरिएका | | ३क (३) उपदफा २ बमोजिम फिर्ता हुन आएको चेक धारकले अनादर भएको प्रमाणित गराउन चाहेमा बैंकले बढीमा ३० दिनको म्याद दिई आफ्ना खातामा आवश्यक रकम जम्मा गर्न सम्बन्धित खातावाललाई जुनसुकै माध्यमबाट सूचना दिई सोको अभिलेख राख्नु पर्नेछ। | ३क (३) उपदफा २ बमोजिम फिर्ता हुन आएको चेक धारकले अनादर भएको प्रमाणित गराउन चाहेमा बैंकले ७ दिनको म्याद दिई आफ्ना खातामा आवश्यक रकम जम्मा गर्न सम्बन्धित खातावाललाई जुनसुकै माध्यमबाट सूचना दिई सोको अभिलेख राख्नु पर्नेछ।<br><br>पुस्ट्याइँ : खातामा रकम नभई चेक काट्नु विश्वासघात र अपराध भएकाले धेरै समय दिई अल्झाउनु उपयुक्त नहुने) |
| दफा १७ उपदफा १ पछि उपदफा १क) थप गरिएको | नभएको | १ (क) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३क बमोजिमको कसुरमा चेक अनादर गरेको प्रमाणित भएका मितिले ३ महिनाभित्र जाहेरी दिन सकिनेछ र त्यसरी जाहेरी परेका मितिले ३ महिना भित्र सम्बन्धित जिल्ला अदालतसमक्ष मुद्दा दायर गरिसक्नु पर्नेछ।<br>१ (क) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ३क बमोजिमको कसुरमा चेक अनादर गरेको प्रमाणित भएका मितिले ६ महिना( भित्र जाहेरी (धारकको जिल्ला प्रहरी कार्यलयमा | अनलाइनबाट समेत जाहेरी) दिन सकिनेछ र त्यसरी जाहेरी परेका मितिले ३ महिनाभित्र (पेई-का जिल्लामा) धारकको जिल्ला अदालतसमक्ष मुद्दा दायर गरिसक्नु पर्नेछ।<br><br>(पुस्ट्याइँ : जाहेरी गर्ने निकाय तोक्नुपर्ने तथा चेक अनादर गरेको प्रमाणित भएका मितिले ६ महिनाभित्र जाहेरी दिनसकिने व्यवस्था गर्दा व्यावहारिक रूपमा मेलमिलाप गर्नसमेत पर्याप्त समय उपलब्ध हुने) |
| दफा १५ उपदफा १ पछि उपदफा १क) थप गरिएको | | १ (क) उपदफा ३(क) बमोजिम चेक अनादर भएको प्रमाणित भएमा चेक जारी गरिदिने खातावालाबाट धारकलाई बिगो बमोजिमको रकम भराई चेक जारी गरिदिने खातावालालाई बिगोको ५ प्रतिशत जरिबाना र देहाय बमोजिमको सजाय हुनेछ :-<br><br>क) पाँच लाख रुपैयाँसम्म बिगो भए १ महिनासम्म कैद।<br>ख) पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्म बिगो भए ३ महिनासम्म कैद।<br>ग) दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म बिगो भए ६ महिनासम्म कैद।<br>घ) पचास लाख रुपैयाँभन्दा बढी जतिसुकै बिगो भए २ वर्षसम्म कैद। | १ (क) उपदफा ३(क) बमोजिम चेक अनादर भएको प्रमाणित भएमा चेक जारी गरिदिने खातावालाबाट धारकलाई बिगो बमोजिमको रकम (चेकमा उल्लेख भएको रकम र सामान्य ब्याज दर समेत भराई) चेक जारी गरिदिने खातावालालाई विगोको ५ प्रतिशत जरिवाना र देहाय बमोजिमको सजाय हुने छ :-<br><br>क) पाँच लाख रुपैयाँसम्म बिगो भए ६ महिनासम्म कैद,<br>ख) पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्म बिगो भए १ वर्षसम्म कैद,<br>ग) दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म बिगो भए २ वर्षसम्म कैद।<br>घ) पचास लाख रुपैयाँभन्दा बढी जतिसुकै बिगो भए ५ वर्षसम्म कैद।<br><br>(पुस्ट्याइँ : धारकलाई सामान्य ब्याजसहित क्षतिपूर्ति दिनुपर्ने गर्ने) (आय कर ऐनले सामान्य ब्याजदर भन्नाले १५ प्रतिशत कायम गरेकाले सो विषय यस ऐनमा नै उल्लेख गर्नु उपयुक्त हुने तथा चेक अनादर गरेको प्रमाणित भएका मितिले ६ महिनाभित्र जाहेरी दिन सकिने व्यवस्था गर्दा व्यावहारिक रूपमा मेलमिलाप गर्नसमेत पर्याप्त समय उपलब्ध हुने) |
| | | | धारकले पाउनुपर्ने रकम कसुर प्रमाणित भएको खातावालले नतिरे सरकारी बक्यौतासरह असुल उपर गरी धारकलाई दिनुपर्ने। |

# भन्सारसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा

## उद्योग संगठन मोरङको सुझाव

| दफा | प्रस्तावित | संगठनको सुझाव | पुस्ट्याइ |
|---|---|---|---|
| दफा २१ उपदफा २ | कुनै उद्योगले वस्तु तयार गरी निकासी गर्ने गरी परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा बिक्री गर्ने प्रयोजनका लागि पैठारी गर्ने कच्चा पदार्थ र सहायक कच्चा पदार्थमा लाग्ने महसुल बापतको रकम तोकिएको शर्त बमोजिम बैंक जमानत राखी पैठारी गर्न चाहेमा त्यस्तो उद्योगलाई तोकिए बमोजिमको बैंक जमानतको सुविधा प्रदान गर्न सकिनेछ । | ..........तोकिएको शर्त बमोजिम जस्ता अस्पष्ट विषयहरूलाई ऐनमा नै स्पष्ट तोकिनु पर्दछ । जसले गर्दा ऐन तुरुन्त कार्यान्वयनमा आउने र सम्मानित संसद्लाई छलेर अनावश्यक चलखेल गरी पछि तोकिने विषयहरूमा पूर्वाग्रही हुनसक्ने अवस्थाको अन्त्य गर्नु पर्दछ । | |
| दफा २१ उपदफा ५ | एकभन्दा बढी भन्सार कार्यालयबाट नियमित रूपमा वस्तु पैठारी गर्ने पैठारीकर्ताका हकमा एकल बैंक जमानतबाट वस्तु पैठारी गर्नसक्ने गरी भन्सार अधिकृतल तोकिएबमोजिम बैंक जमानत स्वीकार गर्न सक्नेछ । | | |
| दफा २१ उपदफा ६ | यस दफाबमोजिम बैंक जमानत पेश गर्ने, प्रयोग गर्ने र फुकुवा गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ । | बैंक जमानत फुकुवा गर्ने अवधि २ वर्षभित्र कायम रहने गरी ऐनमा नै स्पष्ट उल्लेख गरिनु पर्ने । | साथै बैंक जमानतमा पैठारी गरेका मितिले २४ महिनाभित्र बिक्री गरि बैंक जमानत फुकुवा गर्नुपर्ने व्यवस्था हुनुपर्दछ । १२ महिनाभित्र फुकुवा गर्नुपर्ने हालको व्यवस्था रहेकोमा आर्थिक अवस्था, अन्तर्राष्ट्रिय बजार लगायतका कारणले १२ महिनाभित्र बिक्री गरी बैंक जमानत फुकुवा गर्न कठिनाइ भएकाले । |
| दफा २५ उपदफा १ | भन्सार क्षेत्रमा प्रवेश गर्ने वाहनको सञ्चालकले वस्तु बोकेको वाहन भन्सार क्षेत्रमा प्रवेश गर्नुअगावै भन्सार वा भन्सार क्षेत्रमा प्रवेश गरेको १२ घण्टाभित्र त्यस्तो वाहनको संक्षिप्त विवरण वा सो वाहनमा रहेका वस्तुको विवरण तोकिए बमोजिमको विवरण कार्यालयमा पेश गर्नु वा कम्प्युटर प्रणालीमा प्रविष्ट गराउनु पर्नेछ । | भन्सार क्षेत्रमा प्रवेश गर्ने वाहनको सञ्चालकले वस्तु वोकेको वाहन भन्सार क्षेत्रमा प्रवेश गर्नुअगावै भन्सार वा भन्सार क्षेत्रमा प्रवेश गरेको २४ घण्टाभित्र त्यस्तो वाहनको संक्षिप्त विवरण वा सो वाहनमा रहेका वस्तुको विवरण तोकिए बमोजिमको विवरण कार्यालयमा पेश गर्नु वा कम्प्युटर प्रणालीमा प्रविष्ट गराउनु पर्नेछ । | कार्यालय समयभन्दा पछि आइपुग्ने वाहनहरूका हकमा १२ घण्टाको समय अपुग हुने भएकोले २४ घण्टा कायम गरिनु पर्दछ । |
| दफा २५ (२) | उपदफा (१) मा जनुसकै कुरा लेखिएको भए तापनि विभागले तोकिदिए बमोजिमको संक्षिप्त विवरण कार्यालयको कम्प्युटर प्रणालीमा प्रविष्ट गरेपछि मात्र वाहनलाई भन्सार क्षेत्रभित्र प्रवेश गर्न दिने गरी व्यवस्था गर्न सक्नेछ । | उपदफा (१) मा जनुसकै कुरा लेखिएको भए तापनि विभागले तोकिदिए बमोजिमको संक्षिप्त विवरण कार्यालयको कम्प्युटर प्रणालीमा प्रविष्ट गरेपछि मात्र वाहनलाई भन्सार क्षेत्रभित्र प्रवेश गर्न दिने गरी व्यवस्था गर्न दिनेछ । | सक्ने छ को ठाँउमा दिनेछ राखी स्पष्ट पार्ने र भन्सार अधिकृतको स्वविवेकीय अधिकार हटाउनु पर्दछ । |

| | | | |
|---|---|---|---|
| दफा २८ (११) | वस्तुको जाँच हुनुपूर्व घोषणाकर्ताले आफूले घोषणा गरेको वस्तुको विवरण घोषणाका साथ पेश भएका कागजात विपरीत नहुने गरी संशोधन गर्न भन्सार अधिकृतसमक्ष लिखित अनुरोध गरेमा भन्सार अधिकृतले त्यस्तो विवरण संशोधनका लागि अनुमति दिन सक्नेछ ।<br>तर संशोधनका लागि पेश गरिएका अनुरोध जालसाज वा वदनियतपूर्ण देखिएमा विवरण संशोधनको अनुमति दिइने छैन । | वस्तुको जाँच हुनुपूर्व घोषणाकर्ताले आफूले घोषणा गरेको वस्तुको विवरण घोषणाका साथ पेश भएका कागजात विपरीत नहुने गरी संशोधन गर्न भन्सार अधिकृतसमक्ष लिखित अनुरोध गरेमा भन्सार अधिकृतले त्यस्तो विवरण संशोधनका लागि अनुमति दिनु पर्नेछ ।<br>जालसाज वा बदनियतपूर्ण जस्ता शब्दावलीको व्याख्या ऐनमा स्पष्ट पारी स्वविवेकीय अधिकारको अन्त्य गर्नु पर्दछ । | मानवीय त्रुटि भई सच्याउन समेत हुनसक्ने कुरालाई दृष्टिगत गरी अनुमति दिनु पर्दछ ।<br>जालसाज वा बदनियतपूर्ण कार्यलाई कसरी व्याख्या गर्ने ? सोको स्पष्ट व्याख्या नगर्दा अधिकृतको स्वविवेकमा भर पर्दा अनावश्यक चलखेल हुने र पैठारीकर्तालाई दुःख दिने नियतले काम हुने हुँदा परिभाषित गरी ऐनमा व्यवस्था गरिनु पर्दछ । |
| दफा २८ (१२) | वस्तुको जाँचपास सुरु भइसकेको तर जाँचपास भइनसकेको अवस्थ(ामा घोषणाकर्ताले घोषणामा संशोधन गर्न भन्सार अधिकृतसमक्ष कारण खोली निवेदन दिएमा र कारण मनासिब लागेमा भन्सार अधिकृतले त्यस्तो घोषणा संशोधनका लागि अनुमति दिन सक्नेछ ।<br><br>तर देहायको कुनै अवस्था सिर्जना हुने भएमा घोषणा संशोधनको अनुमति दिइने छैन ।<br>(क) तिर्नुपर्ने महसुल वा भन्सारले गर्नुपर्ने नियमनमा असर पर्ने भएमा<br>ख) यस ऐनबमोजिम हुने सजायबाट उन्मुक्ति पाउने देखिएमा ।<br>ग) जाँचपास प्रक्रियामा अनावश्यक ढिलाइ हुने भएमा । | वस्तुको जाँचपास सुरु भइसकेको तर जाँचपास भइनसकेको अवस्थामा घोषणाकर्ताले घोषणामा संशोधन गर्न भन्सार अधिकृतसमक्ष कारण खोली निवेदन दिएमा भन्सार अधिकृतले त्यस्तो घोषणा संशोधनका लागि अनुमति दिनु पर्नेछ । | मनासिब लागेमा जस्ता स्वविवेकीय अधिकार दिने शब्दावली हटाउनु पर्ने वा प्रमाणित आधारहरू के-के हुन् सोको स्पष्ट व्याख्या गर्नुपर्दछ ।<br><br>घोषणा संशोधन गर्न अनुमति नदिनु पर्ने आधारहरू आफैँमा बाभिने हुनुहुँदैन । घोषणा संशोधन गर्दा तिर्नुपर्ने महसुलमा असर पर्नसक्ने यथार्थलाई नजरअन्दाज गर्नु हुँदैन ।<br>राजस्वमा असर पर्ने भन्दा पनि यथार्थमा प्रमाण र कागजातले प्रमाणित गरेको विषय निर्क्यौल गर्नु न्यायसङ्गत हुने भएकाले । |
| दफा २८ (१५) | घोषणाकर्ताले वस्तु भन्सार क्षेत्रभित्र प्रवेश गरेको मितिले सात दिनभित्र त्यस्तो वस्तुको जाँचपासका लागि वा भन्सार वेयर हाउसमा राख्नका लागि तोकिएबमोजिम घोषणा गर्नुपर्नेछ । | घोषणाकर्ताले वस्तु भन्सार क्षेत्रभित्र प्रवेश गरेको मितिले तिस दिनभित्र त्यस्तो वस्तुको जाँचपासका लागि वा भन्सार वेयर हाउसमा राख्नका लागि तोकिएबमोजिम घोषणा गर्नु पर्नेछ । | आर्थिक मन्दी, रकम व्यवस्थापनमा कठिनाइ पर्न सक्ने भएकाले घोषणाकर्ताको व्यावहारिक पक्षलाई समेत हित हुने गरी ७ दिनका सट्टा ३० दिन उपयुक्त हुने । यसरी समय थप गर्दा लाग्ने भाडा तथा अन्य डिटेन्सन शुल्कको दायित्व घोषणाकर्ताको नै हुने हुँदा अन्य केही फरक नपर्ने । |
| दफा २८ (१६) | उपदफा १५ मा उल्लिखित अवधिभित्र घोषणा गर्न असमर्थ भएको भनी म्याद थपका लागि लिखित अनुरोध गरेमा र त्यस्तो अनुरोध मनासिब देखिएमा भन्सार अधिकृतले सात दिनसम्मको म्याद थप गरिदिन सक्नेछ । | उपदफा १५ मा उल्लिखित अवधिभित्र घोषणा गर्न असमर्थ भएको भनी म्याद थपका लागि लिखित अनुरोध गरेमा र त्यस्तो अनुरोध मनासिब देखिएमा भन्सार अधिकृतले ३० दिनसम्मको म्याद थप गरिदिन सक्नेछ ।<br>हटाउने | |
| दफा ३८ (३) | ख) निकासी भएकै वस्तु पैठारी भएको हो भनी भन्सार अधिकृत सन्तुष्ट हुने गरी पहिचानयोग्य नभएको । | हटाउने | भन्सार अधिकृत सन्तुष्ट हुने गरी पहिचानयोग्य नभएको ..... सन्तुष्टको परिभाषा के हो ? यसरी स्वविवेकीय अधिकार दिई चलखेल गर्ने व्यवस्था कुनै पनि कानुनमा राखिनु हुँदैन । |

| | | | |
|---|---|---|---|
| दफा ३९ (२) | घ) पैठारी भएको वा कार्यालयमा आइपुगेका मितिले नब्बे दिनभित्र फिर्ता पठाउने गरी निवेदन दिएको । | पैठारी भएको वा कार्यालयमा आइपुगेका मितिले एक वर्षभित्र फिर्ता पठाउने गरी निवेदन दिएको । | राज्यलाई कुनै प्रकारको हानिनोक्सानी नहुने र उद्योगीलाई सहज हुने भएकाले । |
| दफा ३९ (१) | घ) थप गर्नु पर्ने ... | औद्योगिक प्रयोजनका लागि पैठारी गरिएका मिल मेसिनरीहरू निश्चित अवधि प्रयोग भइसकेपछि जुन मुलुकबाट पैठारी गरिएको हो सोही मुलुकमा निकासी गर्न सकिने छ । | पुराना मिल मेसिनरीहरूको व्यवस्थापन गर्न सहयोग पुग्ने । |
| दफा ४१ उपदफा ३ | च) थप गर्नु पर्ने .. | कुनै मुलुकबाट पैठारी गरिएको मिलमेसिनरी वा पार्टपुर्जा मर्मत सम्भारका लागि सोही मुलुकमा अस्थायी निकासी गरिएकोमा उक्त मिलमेसिनरीको कुनै पार्टपुर्जा काम नलाग्ने भई रिप्लेस गर्नुपर्ने र उक्त पार्टपुर्जा पहिले पैठारी गरिएको मुलुकभन्दा अर्को मुलुकको भए पनि उक्त वस्तु पैठारी गर्न मर्मतसम्भारकै सरहको व्यवस्था लागु हुनेछ । | विभिन्न मुलुकबाट पार्टपुर्जा ऐसेम्बल गरी मिलमेसिनरी बन्नेको हकमा अर्को मुलुकको पार्टपुर्जा अर्को मुलकबाट पैठारी गर्ने व्यवस्था गरी व्यावहारिक कठिनाइ हटाउन । |
| दफा ४४ (२) | उपदफा १ बमोजिम घोषणाकर्ताले वस्तुको मूल्य घोषणा गर्दा न्यून बीजकीकरण गरेको पाइएमा भन्सार अधिकृतले त्यसरी न्यून घोषणा गरेको मूल्यमा लाग्ने महसुलको शत प्रतिशत रकम जरिबाना गरी वस्तु जाँचपास गर्नुपर्नेछ । | सन्दर्भ मूल्य कायम गर्ने व्यवस्थालाई व्यावह(ारिक बनाउनु पर्ने । | न्यून विजकीकरण भन्ने आधार के हो ? कुनै वस्तुको मूल्य तोक्दा तत्कालको प्रचलित अन्तर्राष्ट्रिय स्तरको रियल टाइम मूल्यलाई आधार मान्नुपर्ने । तथा औद्योगिक कच्चा पदार्थका हकमा बिलबीजकको मूल्यलाई मान्नु पर्दछ । |
| दफा ४४ (४) | यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि घोषणाकर्ताले पैठारी भएका वस्तुको भन्सारमा घोषणा गरेको मूल्य दफा ४२ बमोजिम भन्सार अधिकृतले निर्धारण गरेको भन्सार मूल्यभन्दा अस्वाभाविक रूपले न्यून भएको देखिएमा त्यसरी घोषणा गरेको मूल्यमा तोकिएबमो(जम भन्सार अधिकृतले त्यस्तो वस्तु खरिद गर्न सक्नेछ । | भन्सार अधिकृतले निर्धारण गरेको भन्सार मूल्यभन्दा अस्वाभाविक रूपले न्यून भएको देखिएमा त्यसरी घोषणा गरेको मूल्यमा तोकिए बमोजिम भन्सार अधिकृतले त्यस्तो वस्तु खरिद गर्नुपर्नेछ । | अन्तर्राष्ट्रिय बजार मूल्यमा आउने उचारचढावका कारण स्वाभाविक रूपमा हुने फरकलाई स्वीकार्न खरिद गर्न सक्नेछ भन्ने होइन खरिद गर्नुपर्नेछ भनेर स्पष्ट पार्नु पर्ने । |
| दफा ४७ (१) | वस्तुको वर्गीकरण तथा महसुल निर्धारण :<br>महसुल निर्धारण गर्ने प्रयोजनका लागि पैठारी भएको वा निकासी हुने वस्तुको वर्गीकरण देहायका आधारमा गरिने छ ।<br>क) सालबसाली जारी हुने आर्थिक ऐनमा भएको व्यवस्था<br>ख) विश्व भन्सार संगठनद्वारा प्रतिपादित हार्मोनाइज्ड वस्तु वर्गीकरण प्रणाली र सोको व्याख्यात्मक टिप्पणी,<br>ग) विश्व भन्सार संगठनले गरेको वस्तु वर्गीकरणसम्बन्धी निर्णय,<br>घ) यस ऐनबमोजिम कुनै वस्तुका सम्बन्धमा महानिर्देशकले गरेको वर्गीकरण वा कार्यादेश, | वस्तुको वर्गीकरण HS Code को ४ डिजिट मात्र लिई कायम गर्नुपर्नेछ । र बाँकी २ डिजिटको हकमा घोषणाकर्ताले ल्याएको बिलबीजक तथा अन्य कागजातमा उल्लेख, एलसीमा उल्लेख गरिएको वर्गीकरणलाई मान्यता दिनुपर्नेछ । | महानिर्देशकलाई वर्गीकरण गर्ने असीमित अधिकार दिँदा वर्गीकरणमा स्थापित मान्यताका आधारमा नभई चलखेल हुने अवस्था रहेकाले<br>ऐनमा सबै स्पष्ट पारिनु पर्दछ । |

| | | | |
|---|---|---|---|
| दफा ४९ (१) | महसुल तथा जरिबाना बुझाउने दायित्व : कुनै वस्तु निकासी वा पैठारी गर्दा त्यस्तो वस्तुमा लाग्ने महसुल बुझाउने दायित्व घोषणाकर्ताको हुनेछ । | महसुल तथा जरिबाना बुझाउने दायित्व : कुनै वस्तु निकासी वा पैठारी गर्दा त्यस्तो वस्तुमा लाग्ने महसुल बुझाउने दायित्व पैठारी/निकासीकर्ताको हुनेछ । | |
| दफा ४९ (२) | यस ऐन बमोजिम निर्धारण भएको महसुलबापतको रकम घोषणाकर्ताले त्यस्तो महसुल निर्धारण भएका मितिले सात दिनभित्र बुझाउनु पर्नेछ । सो अवधिभित्र महसुल नबुझाएमा त्यस्तो अवधि नाघेको मितिदेखि निर्धारित महसुलमा महसुल निर्धारण भएको मितिदेखि नै लागु हुने गरी प्रति दिन शून्य दशमलम शून्य चार दुई प्रतिशतका दरले ब्याजसमेत गणना गरी असुल गरिनेछ र त्यसरी ब्याज तिर्नुपर्ने अवधि महसुल निर्धारण भएको मितिले तिस दिनभन्दा बढी हुने छैन । | ब्याजसमेत गणना गर्ने हटाउनु पर्छ । | |
| दफा ७६ | बन्डेड वेयर हाउस सञ्चालन गर्न इजाजतपत्र दिन सकिने छ : | कुल टर्नओभरको २० प्रतिशत निर्यात गर्नुपर्ने वर्तमानको व्यवस्था व्यावहारिक छैन । निर्यात प्रवर्धनका लागि निर्यातमूलक उद्योगहरूलाई बिना कुनै मापदण्ड यस्तो सुविधा दिइनु पर्दछ । र, बन्डेड वेयर हाउस सञ्चालनको इजाजत दिँदा तोकिने शर्तहरू ऐनमा नै स्पष्ट पार्नुपर्ने । | निर्यातमूलक उद्योगलाई अभिप्रेरित गर्न । |
| दफा ८६ | जरिबाना तथा सजाय | यस दफामा भएका जेल सजाय वा कैदलगायतका सबै प्रावधान खारेज गरी आर्थिक जरिवाना मात्रै राखिनु पर्ने । | आर्थिक अपराधका लागि आर्थिक दण्ड वा जरिवाना नै पर्याप्त हुने भएकाले । उद्यमशीलतामा नकारात्मक असर गर्ने, निषेध गर्ने प्रावधान हटाउनु उपयुक्त हुने । |
| दफा ८७ | ख) पैठारी गरेको वस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तर तथा परिमाण सही भए तापनि उत्पत्तिको मुलुक फरक पारी घोषणा गरेमा त्यस्तो घोषणाकर्तालाई त्यस्तो वस्तुमा लाग्ने भन्सार महसुलको पच्चिस प्रतिशत रकम जरिवाना र लाग्ने महसुल लिई त्यस्तो वस्तु जाँचपास गर्ने | पैठारी गरेको वस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तर तथा परिमाण सही भए तापनि उत्पत्तिको मुलुक फरक पारी घोषणा गरेमा त्यस्तो घोषणाकर्तालाई त्यस्तो वस्तुमा लाग्ने भन्सार महसुलको दुई प्रतिशत रकम जरिवाना र लाग्ने महसुल लिई त्यस्तो वस्तु जाँचपास गर्ने । | नियतवश गरिने र भुलवश हुने गल्तीलाई एकै दाँजोमा राख्नु हुदैन । तसर्थ २५ प्रतिशत जरिवाना अन्याय हुन्छ । २ प्रतिशत गर्नु पर्दछ । |
| दफा ९९ | थुनुवा पुर्जी दिनुपर्ने : यस ऐन बमोजिम अनुसन्धान अधिकृत वा मुद्दा हेर्ने अधिकारीले कुनै व्यक्तिलाई थुनामा राख्दा त्यसरी थुनामा राख्नुपर्नाको कारण र सोको कानुनी आधार खुलाई तोकिए बमोजिमको ढाँचामा थुनुवा पुर्जी दिनुपर्नेछ । | थुनुवा पुर्जी हटाउनु पर्छ । कारोबार रोक्ने, बैंक खाता बन्द गर्नेजस्ता प्रावधानहरूको प्रयोग गर्न सकिने तर थुनुवा पुर्जी नै दिएर चलखेल र भ्रष्टाचारलाई बढावा दिइनु हुँदैन । | कारोबार रोक्ने, बैंक खाता बन्द गर्नेजस्ता प्रावधानहरूको प्रयोग गर्न सकिने तर थुनुवा पुर्जी नै दिएर चलखेल र भ्रष्टाचारलाई बढावा दिइनु हुँदैन । |

| | | | |
|---|---|---|---|
| दफा १०० | थुनामा राख्न सकिने अधिकतम अवधि: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभियुक्तलाई पुर्पक्षका लागि थुनामा राख्दा निजउपर लगाइएको अभियोग प्रमाणित भएमा वा हुनसक्ने अधिकतम कैदको सजायको अवधिभन्दा बढी अवधिसम्म थुनामा राखिने छैन । | थुनामा राख्ने हटाउनु पर्दछ । | कारोबार रोक्ने, बैंक खाता बन्द गर्नेजस्ता प्रावधानहरूको प्रयोग गर्न सकिने तर थुनुवा पुर्जी नै दिएर चलखेल र भ्रष्टाचारलाई बढावा दिइनु हुँदैन । |
| दफा १०४ (१) | थुना वा तारेखमा राखी कारबाही गर्ने : यस ऐनबमोजिम कुनै अभियुक्त तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिने भएमा वा कसुरदार हो भन्ने विश्वास गर्ने मनासिब आधार भएमा भन्सार अधिकृतले निजलाई उक्त कसुरमा यस ऐनबमोजिम हुनसक्ने कैद, जरिबाना बापतको रकम र बिगोसमेत असुल गर्नुपर्नेमा सो बराबरको रकमसमेत खाम्ने गरी नगद धरौटी माग गर्न सक्नेछ । त्यसरी माग गरिएको रकम अभियुक्तले दाखिला गरेमा निजलाई तारेखमा राखी मुद्दाको कारबाही गर्नुपर्नेछ । | थुनामा राख्ने हटाउनु पर्दछ । | कारोबार रोक्ने, बैंक खाता बन्द गर्नेजस्ता प्रावधानहरूको प्रयोग गर्न सकिने तर थुनुवा पुर्जी नै दिएर चलखेल र भ्रष्टाचारलाई बढावा दिइनु हुँदैन । |
| दफा १०४ (२) | उपदफा (१) बमोजिम माग गरेका नगद धरौटी दाखिला नगरेमा वा गर्न नसकेमा वा कुनै अभियुक्तलाई थुनामा नराखेमा निजले प्रमाण लोप गराउन सक्ने वा भाग्ने वा पछि पक्राउ गरी मुद्दाको कारबाही गर्नसक्ने सम्भावना कम रहेमा त्यस्तो अभियुक्तलाई भन्सार अधिकृतले पुर्पक्षका लागि थुनामा राख्न सक्नेछ । | थुनामा राख्ने हटाउनु पर्दछ । | कारोबार रोक्ने, बैंक खाता बन्द गर्नेजस्ता प्रावधानह( रूको प्रयोग गर्न सकिने तर थुनुवा पुर्जी नै दएर चलखेल र भ्रष्टाचारलाई बढावा दिइनु हुँदैन । |
| दफा १०४ (३) | उपदफा १ बमोजिम कैदबापतको धरौटी लिँदा दफा ९७ को उपदफा (२) मा लेखिएको दरबमोजिम लिनुपर्नेछ । | धरौटी लिइसकेपछि कैदमा राख्न नपाउने हुनुपर्दछ । | |
| दफा १०७ | म्याद थाम्न र वारिस नियुक्त गर्न नपाइने : यस ऐनअन्तर्गतको कसुरसम्बन्धी मुद्दामा दफा १०६ बमोजिम जारी भएको म्याद थाम्न र वारिस नियुक्त गर्न पाइने छैन । | म्याद थाम्न र वारिस नियुक्त गर्न नपाइने : यस ऐनअन्तर्गतको कसुरसम्बन्धी मुद्दामा दफा १०६ बमोजिम जारी भएको म्याद थाम्न र वारेस नियुक्त गर्न पाइनेछ । | वारेस नियुक्त गर्न पाइने व्यवस्था गरिनु पर्दछ । |
| दफा ११८ | ३) भन्सार जाँचपास प्रतिनिधिको योग्यता र इजाजत पत्र दिनेसम्बन्धी अन्य व्यवस्था तोकिएबमोमिज हुनेछ । | २०६५ को ऐनमा भएको व्यवस्था नै कायम गने | वारेस नियुक्त गर्न पाइने व्यवस्था गरिनु पर्दछ । |

| | | | |
|---|---|---|---|
| दफा १२९ | पुनः परीक्षण गर्नसक्ने : (१) कार्यालयबाट जाँचपास भएका वस्तुको प्रज्ञापनपत्र लगायतका पैठारी वा निकासीसँग सम्बन्धित कागजात तथा जुनसुकै स्वरूपका अभिलेख त्यस्तो जाँचपास भएको मितिले चार वर्षभित्र महानिर्देशक वा भन्सार अधिकृत वा निजले खटाएको कर्मचारीले पुनः परीक्षण गर्न सक्नेछ । | पुनः परीक्षण गर्नसक्ने : (१) कार्यालयबाट जाँचपास भएका वस्तुको प्रज्ञापनपत्र लगायतका पैठारी वा निकासीसँग सम्बन्धित कागजात तथा जुनसुकै स्वरूपका अभिलेख त्यस्तो जाँचपास भएको मितिले १ वर्षभित्र महानिर्देशक वा भन्सार अधिकृत वा निजले खटाएको कर्मचारीले पुनः परीक्षण गर्न सक्नेछ । | ४ वर्षसम्म कति वेला परीक्षण गर्ने हो र के-के खोट देखाउने हो भन्ने त्रासदीमा बाँच्नुपर्ने भएकाले अधिकतम १ वर्ष भित्र पुनः परीक्षण गरिसक्नु पर्ने व्यवस्था कायम गर्नु पर्दछ । |
| दफा १३१ | भन्सार महसुल फिर्ता दिने : (१) नेपालमा पैठारी भएको वस्तु विदेशी राष्ट्रसँग भएको द्विपक्षीय वा बहुपक्षीय सम्झौता वा सन्धिको प्रतिकूल नहुने गरी देहाय बमोजिमको प्रक्रिया पूरा गरी पुनः अर्को मुलुकमा निकासी गरेमा त्यस्तो वस्तु पैठारी गर्दा राखेको धरौटीबाट तोकिए बमोजिमका रकम भन्सार महसुलबापत असुल गरी बाँकी रकम एक महिनाभित्र सम्बन्धित पैठारीकर्तालाई फिर्ता दिइनेछ । | सबै कागजात र प्रक्रिया समेत पुगिसकेका अवस्थामा पैठारीकर्तालाई फिर्ता गर्नुपर्ने रकम १ महिनाभित्र फिर्ता गर्नुपर्नेछ । यसरी तोकिएको अवधिभित्र फिर्ता नगरेमा पैठारीकर्ताले महसुल बुझाउन ढिलाइ गर्दा लाग्ने जरिबानासरह क्षतिपूर्ति थप गरी पैठारीकर्तालाई फिर्ता गर्नुपर्नेछ । | सार्वजनिक सेवा प्रदायकलाई जिम्मेवार र जवाफदेही बनाउन । |
| दफा १३२ | महसुल फिर्ता दिनेसम्बन्धी विशेष व्यवस्था : | धरौटी राखिएको महसुल फिर्ता दिने निश्चित समय तोकिनु पर्दछ । पैठारी वा निकासीकर्ताले धरौटी रकम फिर्ता पाऊँ भनी प्रक्रियाअनुसार कागजातसहित पेश गरेको १ महिनाभित्र महसुल फिर्ता गरिसक्नु पर्नेछ । | |
| दफा १३६ | अभिलेख सुरक्षित हुनुपर्ने : वस्तुको धनीले आफूले निकासी वा पैठारी गरेको वस्तुको भन्सार प्रक्रियासँग सम्बन्धित तोकिए बमोजिमका कागजात तथा तत्सम्बन्धी अभिलेख त्यस्तो वस्तु निकासी वा पैठारी गरेका मितिले कम्तीमा चार वर्षसम्म सुरक्षित राख्नुपर्नेछ । | २ वर्षसम्म सुरक्षित राख्नुपर्नेछ । | |
| दफा १५० | असल नियतले गरेकोमा बचाउ : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भन्सारको कुनै कर्मचारीले आफ्नो कर्तव्य पालनाका सिलसिलामा असल नियतले गरेको काम कारबाहीप्रति निज व्यक्तिगत रूपमा जवाफदेही हुनैछैन ।<br>(२) दफा ३१ को उपदफा (१) को खण्ड (क) वा (ग) बमोजिम जाँचपास गरिएको वस्तुको कुनै कैफियत देखिएमा त्यस्तो वस्तु जाँचपास गर्ने कार्यमा संलग्न अधिकृत वा अन्य कर्मचारी जवाफदेही हुने छैन ।<br>३) दफा ३१ को उपदफा (१) को खण्ड (ख) बमोजिम जाँचपास गरिएको वस्तुका सम्बन्धमा जाँचपास गर्ने कार्यमा संलग्न अधिकृत वा अन्य कर्मचारी त्यस्तो वस्तुको कागजात जाँच गरेको हदसम्म जवाफदेही हुनेछ । | कुनै कैफियत देखिएमा त्यस्तो वस्तु जाँचपास गर्ने कार्यमा संलग्न अधिकृत वा अन्य कर्मचारी जवाफदेही हुनेछ । | सरकारी कर्मचारीलाई जवाफदेही बनाउन । |

## व्यवसायजन्य सुरक्षा र स्वास्थ्यसम्बन्धी तालिम प्रारम्भ



सुरक्षित एवम् स्वस्थ कार्यस्थलका साथै श्रमिक शक्तिमा उद्योगको उत्पादकत्व निर्भर रहने कुरालाई आत्मसात् गर्दै उद्योग संगठन मोरङले इन्स्योर परियोजनाको प्राविधिक सहयोगमा मंसिर २१ देखि ३ दिने व्यवसायजन्य सुरक्षा र स्वास्थ्यसम्बन्धी तालिम सम्पन्न गरेको छ ।

तालिममा व्यवसायजन्य सुरक्षा र स्वास्थ्यका नीतिगत र कानुनी प्रावधानहरू, व्यवस्थापन पद्धति र सुरक्षा योजना, सुरक्षित कार्यस्थल विकास, जोखिम पहिचान एवम् व्यवस्थापन र जोखिम नियन्त्रणका वारेमा उद्योग-प्रतिष्ठानका व्यवस्थापकहरूलाई व्यावहारिक ज्ञान दिइएको थियो । साथै मानवीय एवम् भौतिक क्षतिको न्यूनीकरण, उत्पादन-प्रक्रिया एवम् पद्धतिलाई जोखिममुक्त बनाउने तथा मेसिन र औजारको सुरक्षित सञ्चालनको विधिका विषय तालिममा समेटिएका थिए । तालिममा सुनसरी-मोरङ औद्योगिक करिडोरका उद्योग-प्रतिष्ठानका व्यवस्थापक, प्रशासक र प्राविधिकको सहभागिता थियो ।

## उद्योग-प्रतिष्ठानका प्राविधिकको उर्जा दक्षता अभिवृद्धि तालिम



उद्योग संगठन मोरङको आयोजना र इन्स्योर परियोजनाको प्राविधिक सहयोगमा यस क्षेत्रका उद्योग प्रतिष्ठानमा कार्यरत प्राविधिकहरूका लागि २०८० मंसिर २७ गतेदेखि संचालन गरिएको उर्जा दक्षता अभिवृद्धि तालिम पौष १२ गते समापन भएको छ ।

तालिम अवधिमा प्राविधिकहरूलाई ऊर्जा खपत न्यूनीकरणका उपायहरू, खेर गइरहेको ऊर्जा नियन्त्रण तथा मेसिनको प्रयोग र सञ्चालन गर्ने विधि, प्राप्त ऊर्जाको समुचित उपयोग एवम् व्यवस्थापन, ऊर्जा दक्षता पद्धति र महत्वका विषय सिकाइएको थियो । तालिममा यस क्षेत्रका विभिन्न उद्योग-प्रतिष्ठानका प्राविधिकहरूको सहभागिता रहेको थियो ।

## वर्तमान आर्थिक परिदृश्य : चरम निराशा कि नयाँ सम्भावनाको टर्निङ पोइन्ट ?

### अर्थसंवाद कार्यक्रम सम्पन्न

मुलुकको आर्थिक अवस्थालाई लिएर नकारात्मक भाष्य मात्रै हाबी भएको भन्दै उद्योग संगठन मोरङले आर्थिक सार्वजनिक बहसलाई सकारात्मकतातर्फ मोड्ने प्रयत्नको थालनी गरेको छ । संगठनले २०८० मंसिर २९ गते 'वर्तमान आर्थिक परिदृश्यः चरम निराशा कि नयाँ सम्भावनाको टर्निङ पोइन्ट ?' विषयमा अर्थसंवादको आयोजना गरी यस्तो प्रयास थालेको हो । संवाद कार्यक्रममा प्रतिनिधि-सभाका सांसद्हरू दामोदर भण्डारी, माधव सापकोटा, सुमना श्रेष्ठ तथा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्र र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौला वक्ताका रूपमा सहभागी थिए ।

कार्यक्रममा संगठनका अध्यक्ष राकेश सुरानाले अहिले मुलुकको अर्थतन्त्र सङ्कटमा रहेको र औद्योगिक क्षेत्र मात्रै नभई समग्र समाज नै नराम्रोसँग प्रभावित भएको धारणा प्रकट गर्नुभयो । अध्यक्ष सुरानाले अर्थतन्त्रका विषयमा अहिले सर्वत्र चासो भइरहेको चर्चा गर्नुभयो ।



सुरानाले राजनीतिक मुद्दामा मात्रै चासो, सरोकार र बहस हुने गरेको हाम्रो समाजमा आर्थिक विषयमा बहस र छलफल केन्द्रित हुनु आफैँमा सकारात्मक संकेत भएको विचार राख्नुभयो ।

उहाँले यस्ता अधिकांश छलफलहरू नकारात्मक भाष्य निर्माण गर्नेतर्फ उन्मुख रहेको भन्दै चिन्ता व्यक्त गर्नुभयो ।

सार्वजनिक बहसहरूमा जिम्मेवार पक्षबिच नै अहिलेको सङ्कट निम्त्याउने कारणका रूपमा एकले अर्कोलाई दोषारोपण गर्ने प्रचलन बढेर गएको छ', उहाँको भनाइ थियो, 'निजी क्षेत्रले राज्य-संयन्त्रले प्रभावकारी काम नगरेको भन्ने अनि नियामक निकाय खास गरी नेपाल राष्ट्र बैंकलाई दोष लगाउने काम भइरहेको छ । उता राष्ट्र बैंकले निजी क्षेत्रलाई घाँटी नहेरी हड्डी निल्न खोज्दा अहिले अड्किएको भनेर दोष लगाउने काम भइरहेको छ ।'

अध्यक्ष सुरानाले वित्तीय क्षेत्रमा भएको नीतिगत अस्थिरताका कारण व्यवसायमा अनुमान गर्न सक्ने वातारण नभएको जिकिर गर्नुभयो ।

उहाँले राष्ट्र बैंकले छोटो समयको अन्तरालमा चालु पुँजी कर्जासम्बन्धी व्यवस्थाको उदाहरण दिनुभयो । सुरानाले नीतिगत मात्र नभई सेवाप्रवाहमा समेत जवाफदेहिता नभएको भन्दै राजनीतिज्ञले स्थिर नीति ल्याउने र कर्मचारीतन्त्रले सेवाप्रवाहमा जवाफदेही बन्नुपर्ने आग्रह गर्नुभयो ।

उहाँले सेवाप्रवाहमा देखिएको चरम लापरबाहीको उदाहरणका रूपमा चालु आर्थिक वर्षको बजेटमा जिआई वायरको निर्यात गर्दा कच्चा पदार्थमा लागेको अन्तःशुल्क फिर्ता दिने घोषणा बजेट आएको ६ महिना व्यतीत भइसक्दा समेत कार्यविधि आउन नसकेको कस्लाई दोष दिने भन्ने प्रश्न गर्नुभयो ।

उहाँले प्रधानमन्त्री प्रचण्डको हालैको भारत-भ्रमणका क्रममा दुबै देशका प्रधानमन्त्रीले संयुक्त उद्घाटन गरेको विराटनगर आइसिपीसम्मको रेल्वे कार्गो सेवा आजसम्म सुचारु हुन नसकेको स्पष्ट पार्नुभयो ।

उहाँले भारत र नेपालका उद्योग मन्त्रीले रेल उद्घाटन गरेकै दिन हस्ताक्षर गरेको ट्रिटी अफ ट्रान्जिट सम्झौतामा कलकत्ताबाट विराटनगरसम्म रेल कार्गोका रूपमा बल्क आइटम मात्रै ल्याउन पाउने प्रावधान भएको बताउनुभयो ।

उहाँले यसका कारण यस क्षेत्रका उद्योगले अन्य वस्तु कार्गो रेलमार्फत् ल्याउन नसक्ने गुनासो गर्दै सम्झौता गर्दा हदैसम्मको लापरबाही भएको टिप्पणी गर्नुभयो ।

नेपाल राष्ट्र वैंकका डेपुटी गभर्नर बम वहादुर मिश्रले नेपालको आर्थिक विकासका महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने पर्यटन, विद्युत, कृषि, सूचना प्रविधि, सिमेन्ट जस्ता सेवा तथा उत्पादनमूलक उद्योगम लगानी केन्द्रित गर्न आग्रह गरे। उनले साना उद्योगमा लगानी गरी निर्यात गर्न चाहने उद्योगलाई वित्तीय संस्थाले सरल रूपमा कर्जा प्रवाहको व्यवस्था गर्नुपर्नेमा जोड दिए। देशको व्यापार घाटा न्यूनीकरणका लागि विलासिताका वस्तु उपभोगमा उपभोक्ता स्वयं सजग भई त्यस्ता वस्तुको आयातलाई निरुत्साहित गर्न अनुरोध गरे।

डेपुटी गभर्नर मिश्रले बैंकहरूको वेसरेटमा कमी आईरहेकाले आगामी दिन उद्योगी व्यवसायीहरूका लागि थप सहज हुने वताउदै वित्तीय संस्थाबाट जुन उद्देश्यकालागि कर्जा लिएको हुन्छ सोही क्षेत्रमा लगानी गरी कर्जा लगानीका क्षेत्र परिवर्तन नगर्न उद्योगीलाई आग्रह गरे। उनले उत्पादनमूलक उद्योगमा लगानी गर्नु सुखद पक्ष भएतापनि उक्त क्षेत्रले भोग्नुपरेको विविधि चुनौतिमा चिन्ता व्यक्त गर्दै यस क्षेत्रको उत्थानका लागि सबैपक्षको सहकार्य आवश्यक रहेको औंल्याए।

सांसद सुमना श्रेष्ठले अर्थतन्त्रको सबलीकरणका लागि तथ्यांक र अनुसन्धानका माध्यमबाट अन्तरवस्तु केलाई यस क्षेत्रको विकासमा देखिएका समस्यालाई नीतिगत, कार्यगत सुधार गर्दै स्वदेशी उद्योगको प्रतिष्पर्धी क्षमता अभिवृद्धि गर्नुपर्नेमा जोड दिईन। उनले निजी क्षेत्रका हक हितका लागि स्थापित संघ संस्थाले स्वतन्त्र रूपमा अध्ययन अनुसन्धान गरी अर्थतन्त्रको वास्तविक अवस्था चित्रण गरी नीति निर्मातालाई झकझकाउनु पर्ने धारणा  राखीन। अहिलेका कतिपय नीति, नियम असान्दर्भिक हुदै गएको तर्फ ईगित गर्दै उनले समय सापेक्ष नीतिमा सुधार गर्नुपर्ने, देशको अवस्थालाई मध्यनजर गरी नीति वनाई कार्यान्वयन पक्षलाई वलियो वनाउनुपर्नेमा जोड दिईन। देशमा व्याप्त भ्रष्टचार न्यूनीकरणका लागि नियमनकारी निकायलाई वलियो वनाउन आवश्यक रहेको र त्यसका लागि दलिय भागवण्डालाई भन्दापनि योग्यतालाई आधार मानिनु पर्ने वताईन।

सांसद माधव सापकोटाले अर्थतन्त्रका सूचकहरू सकारात्मक तर्फ अघि वढेतापनि राज्यको ढुकुटीबाट जुन प्रकारले लगानी हुनुपर्ने हो वर्तमान समयमा त्यो अनुरूप हुन नसक्नुको कारण जान्न सरकारले तत्परताको आवश्यकता रहेको औंल्याए।  वर्तमान समय पैंसा हातमा राखेर वस्नुभन्दा पनि त्यसलाई लगानी गरेर मुनाफा गर्ने वातावरण वनाउन सबैपक्ष उतिकै जिम्मेवार रहेको वताउदै अर्थतन्त्र र आर्थिक विकासका लगि सबैलाई निरन्तर खबरदारी गर्न अनुरोध गरे। अहिले अर्थतन्त्र दवाबमा भएतापनि सबै सकियो भन्ने अवस्था नभएको भन्दै राम्रोलाई पुरस्कृत र खराबलाई सजायको व्यवस्था गर्नु राज्यको दायित्व भएको वताउदै सरकारी ढुकुटीमा रहेको पूंजीलाई उत्पादनमूलक क्षेत्रमा चलायमान वनाउन सबैको सहयोगका लागि आग्रह गरे।

सांसद दामोदर भण्डारीले आर्थिक विकास विना समृद्ध मुलुक निर्माण नहुने तर्क राख्दै सरकारलाई जिम्मेवार भएर अघि वढन सुझाव दिए। उनले हरेक क्षेत्रमा व्याप्त निराशाको अन्त्य गर्न सरकारको प्रमुख दायित्व भएकाले यसतर्फ सरकारको गम्भिरताको आवश्यकता औंल्याए। देशमा व्याप्त वेतिथिको अन्त्यका लागि पूर्वाग्रहरहीत भएर सबैलाई एकसाथ लिएर अघी वढन ढिलो गर्न नहुने धारणा उनले राखे।

उद्योग संगठन मोरङका निवर्तमान अध्यक्ष सुयस प्याकुरेलले निजी क्षेत्र लामो समय देखि समस्यै समस्याको भूमरीमा फसेको र सरकार परिवर्तन भएपश्चात समस्या समाधानका लागि आग्रह गर्दै आएतापनि उल्लेख्य सुधार नआएको वताए। उनले यही अवस्था जारी रहे उद्योग मात्र होईन आगामी दिनमा उद्यमशिलता नै पलायन हुने चिन्ता व्यक्त गरे।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मुकुन्द प्रसाद निरौलाले उद्योग व्यवसायको प्रवर्द्धन गर्नु मन्त्रालयको दायित्व भएकाले यस क्षेत्रको समस्यालाई क्रमशः समाधान गरिदै लैजाने आश्वासन दिए। उनले लगानीमैत्री वातावरण निर्माण गर्नु मन्त्रालय र मातहतका निकायको प्रमुख जिम्मेवारी भएको वताउदै हताश एव निराश नहुन उद्योगीलाई आग्रह गरे।

## उद्योगी व्यवसायी र नेपाल बीमा प्राधिकरणका अध्यक्ष एवं प्रतिनिधि बीच अन्तरक्रिया



बीमा क्षेत्रको नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणका अध्यक्ष एवं प्रतिनिधिहरु समक्ष विराटनगरका उद्योगी व्यवसायीले बीमासंग सम्वन्धीत समस्या प्रस्तुत गरी समाधानका लागि बीमा प्राधिकरणका अध्यक्ष समक्ष २०८० पौष ०४ गते संगठनमा सम्पन्न अन्तरक्रिया कार्यक्रममा आग्रह गरेका छन ।

अन्तरक्रियामा उद्योगीका तर्फबाट संगठनका अध्यक्ष राकेश सुरानाले उद्योग व्यवसाय क्षेत्र बिषम परिस्थितीबाट गुज्रीरहेका वर्तमान समयमा विभिन्न बीमाको प्रिमीयम शुल्कमा भएको वृद्धिलाई उपभोक्ता मैत्री वनाउन, वाढी, पहिरो, भुकम्प, आंधितुफान लगायत अन्य धेरै प्रकारका जोखिमहरुलाई एउटै डालोमा हालि विमा गर्न वाध्य नबनाउन, लस अफ प्रफिट पोलिसीको प्रावधान अविलम्व व्यवस्था गर्न, कच्चा पदार्थ र मिल मेशिनेरीलाई जोखिम प्रकृतिका आधारमा फरक फरक वर्गिकरण गरि सोही अनुरुप प्रिमीय लिने व्यवस्थाका लागि अनुरोध गरे ।

बीमा प्राधिकरणका अध्यक्षँ सूर्य प्रसाद सिलवालले सबैप्रकारका प्रिमीयम शुल्कमा नभई केहीमा वढी भएको, बीमाको कभरेजमा गेप नहोस भनि कतिपय पोलिसीलाई एकिकृत गर्नुपरेको, डोमेस्टिक ट्रान्जिटको हकमा भोलुम कम हुनुका साथै प्रोपर्टि र व्रेकडाउन पोलिसीलाई एकैपटक लिनुपर्दा उपभोक्तालाई प्रिमीयम शुल्क वढी पर्न गएको, बीमा कम्पनीहरुमा रि ईन्स्यूरेन्य गर्नुपर्दा ग्लोवल कम्पनीहरुको शर्तहरु समेत पालना गर्नुपर्ने भएकाले कतिपय शिर्षकहरुलाई एउटै वास्केटमा समावेश गर्नुपरेको बताए ।

छलफलमा उद्योगी व्यवसायीले नेपाल बीमा प्राधिकरणका अध्यक्षँलाई बीमा कम्पनीहरुको सेवा, शर्तलाई नियमन गरी क्लेम सेटलमेन्टका सन्दर्भमा सक्रियता अपाउन अनुरोध गरे ।

## उद्योग संगठन मोरङ स्टार्टअप एण्ड इनोभेशन कार्यक्रम



उद्योग संगठन मोरङको स्टार्टअप एण्ड इनोभेशन कार्यक्रम अन्तर्गत तेश्रो चरणका लागि छनौट भएका स्टार्टअपहरुका लागि मिति २०८० पौष १५ गते, अभिमुखिकरण कार्यक्रम आयोजना गरिएको थिया ।

अभिमुखिकरणमा संगठनका महानिर्देशक चुडामणि भट्टराईले छनौट भएका स्टार्टअपहरुलाई वाह्र महिनाको अवधिमा व्यवस्थापन तथा प्राविधिक मार्गदर्शन एवं परामर्श, अनुसन्धान र प्रयोगशाला परिक्षणमा सहजिकरण, सञ्जालिकरण र अन्तरक्रिया, प्रशासनिक तथा कानुनी सहयोग तथा समन्वय, वित्तिय पहुँचका लगानीकर्ता तथा बैंक तथा वित्तिय संस्थाहरु समक्ष समन्वय तथा सहजिकरणका साथै नियमित अनुगमन मूल्याङकन तथा पृष्ठपोषण सेवा उपलब्ध गराईने वताउनु भयो ।

नीजि क्षेत्र, सरकार र विश्वविद्यालयरअनुसन्धान केन्द्र बिच समन्वय गरि स्टार्टअप तथा इनोभेटिभ व्यवसायीक आइडियाहरुलाई व्यवसायीक उद्यमशिलतामा रुपान्तरण गर्न आवश्यक व्यवसायिक विकास सेवाहरुको दिगो इकोसिष्टमको विकास गर्ने उद्देश्यका साथ संचालित कार्यक्रमको तेश्रो चरणमा उन्नाईस स्टार्टअपहरु सहभागि छन ।